# मिति २०७९/१२/२१ गतेको कार्य पालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- १०५

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश
२०७३

### बैठकका प्रस्तावहरु

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. गौशला व्यवस्थापन सम्वन्धमा।

३. समसामायिक विविध।

### निर्णयहरु

१. मिति २०७९/१०/२४ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यन्वनयको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यन्वयन भई रहेको सहर्ष जानकारी गराइन्छ।

२. मिति २०७९/५/२२ गतेको कार्यपालिकाको निर्णय बमोजिम क.व.न.पा.३ मा अस्थायी रुपमा टहरा निर्माण गरि छाडा चौपाया व्यवस्थापन गरिएकोमा हाल खेतबारीमा बाली नरहेको अवस्थामा हानी नोक्सानी नपुर्याउने हुँदा उक्त छाडा चौपाया मिति २०७९/१२/३० गते देखि खुल्ला छोड्ने।

### समसामायिक विविध निर्णयहरु

१. स्वास्थ्य बीमा संयोजन समिति संचालन कार्यविधि, २०७९ स्वीकृत गर्ने।

२. कपिलवस्तु नगरपालिकाको कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९ स्वीकृत गर्ने।

३. भू-उपयोग क्षेत्र बर्गीकरण सम्बन्धि मापदण्ड २०७९ लाई संशोधन गरि वडामा खटिएका प्राविधिक कर्मचारीले मापदण्ड बमोजिम प्रमाणित गर्ने अधिकार अमिनलाई प्रत्यायोजन गर्ने।

४. संघीय समपूरक अनुदान कार्यक्रम अन्तगत यस नगरपालिकाको लागि स्वीकृत ठे.नं.KM/RD/079/080-36 को भिक्षु चोक देखी मलपरवा सडक निर्माण कार्यको लागि पेश भई आएको बहुबर्षिय गुरु खरिद योजना स्वीकृत गर्ने।

५. राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको मिति २०७९/११/२८ च.न. १४५४ पत्रानुसार यस नगरपालिकाको सेवा इकाईमा कार्यरत २(दुई) जना एम.आई.एस.अपरेटर र १(एक) जना फिल्ड सहायकलाई सोही बमोजिम ६(छ) महिना बराबरको पारिश्रमिक यस पालिकाले व्यहोर्ने प्रतिवद्दता सम्बन्धित विभागमा पठाउने।

६. यस नगरपालिकाको आन्तरिक लेखा परीक्षण एकाई अन्तर्गत आ.ले.प.पद रिक्त रहेको हुँदा आ.ले.प.प्रयोजनको लागी को.ले.नि.का.समक्ष लेखि पठाउने।

पौडेल

प्रमुख प्रशासकीय अधिकृत

७. राष्ट्रिय परिचय पत्र अभियान सफल बनाउन सो कार्यमा खटिएका कर्मचारीहरुको खाना, खाजा र आवासको प्रवन्ध नगरपालिकाले गर्ने ।

८. यस नगरपालिकाले गत (विगतमा) खरिद गर्दै आइरहेको २६ गेज ०.४६ (मी.मी.बाक्लो) कोर्टेड रंगीन पाताको दररेट यस आ.व.को ०७९/८० जिल्ला दररेटमा नतोकिएको अवस्था रहेकोले गत आ.व. ०७८/७९ को दररेटलाई नै आधार मानि खरिद प्रकिया अगाडि बढाउने ।

९. नेपाल सरकार, शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभाग, स्थानीय पुल शाखा श्री महल पुल्चोक ललितपुरको विवरण उपलब्ध गराउन माग भई आएकोले तपसिल बमोजिमको स्थानमा झोलुङ्गे पुलहरुको विवरण पठाउने निर्णय गरियो ।

१. क.व.न.पा.६ तिलौरा गाँउ देखि चेतरा देई रेन्जपोष्ट बाटोमा ,

२. क.व.न.पा ६ सगरहवा गाँउ देखि पश्चिम बाबा कुटीसम्मको सडक,

३. क.व.न.पा.१० विकुली पिपरा सडक,

४. क.व.न.पा.१० वगीयडांडा तेनुवा कटुवा सडक,

५. क.व.न.पा.१० वगीयडांडा पिपरा सडक,

६. क.व.न.पा.१० तेनुवा कटुवा सडक ।

१०. श्री जागरण संचार सहकारी सस्था लि.को मिति २०७९/०६/०६ च.नं.३७ पत्रानुसार उक्त सहकारी निर्माणको भवन निर्माण कार्य सम्बन्धित उपभोक्ता समिति मार्फत गर्न अनुमति दिने ।

११. कपिलवस्तु नगरपालिकाको हाट बजार ठेक्काको लागि प्रकाशित सूचनाको शर्त नं.६मा त्रुटी भई सोहि बमोजिम संम्झौता हुन गएको हुँदा हाट बजार संचालन हुने दिन साप्ताहिक (शनिवार र मंगलवार) हाट बजार सँगै रहेको आलु सेडबाट तोकिएको दररेटमा असुल गर्न सम्बन्धित ठेकेदारलाई कार्या आदेश दिने ।

सुदिप पौडेल
[illegible] प्रमुख

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत